# मंगला गाउँपालिकाको आर्थिक ऐन, २०७६

(स्वीकृत मितिः २०७६/०३/१०)

मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

# मंगला गाउँपालिकाको आर्थिक ऐन, २०७६

मंगला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्न्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना** : मंगला गाउँपालिकाको आर्थिक वर्ष २०७६/२०७७ को अर्थ सम्बन्धि प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने र छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ वमोजिम मंगला गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस ऐनको नाम "मंगला गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ ।

(ख) यो ऐन २०७६ साल श्रावन १ गते देखि मंगला गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर** : गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पति कर / घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइनेछ ।

४. **घर वहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा ,छप्पर, जग्गा वा पोखरी पुरैका आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी कवाडि र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडि माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायीक कारोबार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसूची (७) बमोजिम विज्ञापन कर र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उलेख भए अनुसार हाट बजार वा पसल सोह भनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**११. <u>पार्किङ शुल्क</u>** : गाउँपालिका क्षेत्रभित्र सवारी साधनलाई पार्किङ गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२. <u>ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लयर र न्याफ्टिङ्ग शुल्क</u>** :
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लयर र न्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची (११) बमोजिमको शुल्क लागइने र असुल उपर गरिनेछ ।

**१३. <u>सेवा शुल्क, दस्तुर</u>** : गाउँपालिकाले निर्माण, संचालान वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१४. <u>पर्यटन शुल्क</u>** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. <u>ढुङ्गा गिट्टी, वालुवा र ढुङ्गा शुल्क</u>**: वातावरणीय तथा पर्यावरणीय पक्षमा प्रतिकुल प्रभाव नहुने गरी मंगला गाउँपालिकाले तयार पारेको प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन र गाउँ कार्यपालिकाको निर्णयको

आधारमा गिट्टी, बालुवामाटो र ,रोडा , ढुङ्गाको उत्खन्न गरी बिक्री वितरण गरिनेछ।

**१६. <u>कर छुट</u>**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइनेछैन ।

**१७. <u>कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि</u>** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची -१

ऐनको दफा २ सँग सम्वन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

एकिकृत कर

| बजार क्षेत्र | | | अन्य क्षेत्रमा | | |
|---|---|---|---|---|---|
| कच्ची घर | पक्की घर | कैफियत | कच्ची घर | पक्की घर | कैफियत |
| रु. १२०-/ | रु-/३००. | | रु-/५० . | रु-/१२०. | |

अनुसूची-२

ऐनको दफा ३ सँग सम्वन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

भूमि कर (मालपोत)

| सि.नं . | क्षेत्रफलको सिमा | खेत | | | | वारी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार |
| १ | खेतमा ३ र वारीमा ५ रोपनी सम्म | ५० | ४० | ३० | २० | ४० | ३० | २० | १० |
| २ | प्रति रोपनी थप | १० | १० | ५ | ५ | ५ | ५ | ५ | ५ |

अनुसूची-३

ऐनको दफा ४ सँग सम्वन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

घर बहाल कर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | संघ संस्था गोदाम भाडा | २ प्रतिशत |
| २ | अन्य प्रयोजनको लागि | १ प्रतिशत |
| ३ | वहाल विरौटि कर | १ प्रतिशत |

अनुसूची-४

ऐनको दफा ५ सँग सम्बन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

व्यवसाय कर

| क्र.स. | व्यवसायको नाम | ०७६/०७७ |
|---|---|---|
| १ | डिलर सिप सबै प्रकारका (प्रतिडिलर( | २५०० |
| २ | डिपार्टमेन्टल स्टोर्स | १५०० |
| ३ | सवारी साधन विक्रेता | २५०० |
| ४ | साइकल पसल | १००० |
| ५ | मोटरसाइकल मर्मत पसल | २००० |
| ६ | निर्माण सामाग्री, कम्पुटर, विध्यूतसामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पढार्थ | १५०० |
| ७ | मिष्ठान (मिठाइपसल ( | १५०० |
| ८ | हार्डवेयर पसल सबै प्रकारका | ३५०० |
| ९ | दैनिक उपयोग सामान | १००० |
| १० | दैनिक उपयोग सामानको थोक विक्रेता | २५०० |
| ११ | किराना पसल (खुद्रा) | १२०० |
| १२ | फलफुल तथा तरकारी पसल | ५०० |
| १३ | फेन्सी पसल सवै प्रकारका | २००० |
| १४ | सुन पसल, उच्च,माध्यम र सानो | २००० |
| १५ | मनोरञ्जन कर चलचित्र), भिडियो( | १५०० |
| १६ | सार्बजनिक परिवहन सेवा सर्भेयर सेवा/ | १५०० |
| १७ | सिरक, डसना तथा कपास प्रशोधन उद्योग | १००० |
| १८ | भाँडा पसल | १५०० |
| १९ | सिमेन्ट व्लक उद्योग | १५०० |
| २० | मेटम ग्रिल उद्योग | २००० |
| २१ | इट्टा उद्योग (चिम्नि भट्टा) | १५०० |
| २२ | इट्टा उद्योग (साधारंण भट्टा) | १००० |
| २३ | एन सेल संचारनिजी मोवाइल सेवा/ | २५०० |
| २४ | निजी टेलिफोन तथा फ्याक्स सेवा | १००० |
| २५ | फ्याक्स, फोटोकपि तथा प्रिन्टर सेवा | १००० |
| २६ | मोवाइल फोन विक्रि तथ मर्मत सेवा | १००० |
| २७ | कुरियर सेवासाईवर सेवा/ | १००० |

| | | |
|---|---|---|
| २८ | आर्थिक कारोवार समेत गर्ने बित्तिय कम्पनिको मुख्य कार्यालय | १५००० |
| २९ | वित्तय कम्पानिको शाखा कार्यालय | ७००० |
| ३० | विमा कम्पनि | ७००० |
| ३१ | विदेशी मुद्रा सतहिमनि ट्रान्फर/ | १५०० |
| ३२ | निजि क्षेत्रका स्कुल, क्याम्पस, विश्व बिद्यालय | ६००० |
| ३३ | निजि क्षेत्रका स्कुल, क्याम्पस, र १०२+ | ३५०० |
| ३४ | निजि क्षेत्रका मास्कुल .बि. | २५०० |
| ३५ | निजि क्षेत्रका निस्कुल .बि.मा. | १५०० |
| ३६ | निजि क्षेत्रका प्रास्कुल .बि. | १२०० |
| ३७ | निजि क्षेत्रका पूर्व प्रास्कुल .बि. | १००० |
| ३८ | निजि क्षेत्रका होस्टेलहरु | १५०० |
| ३९ | तालिम तथा अनुसन्धान केन्द्र | १५०० |
| ४० | प्राविधिक शिक्षालय | १५०० |
| ४१ | टाइपिङ कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र स्थापना | १५०० |
| ४२ | अलैचि प्रति केनिकासी कर .जि. | ५ |
| ४३ | टिमुर प्रति केनिकासी कर .जि. | २ |
| ४४ | जडिवुटी प्रति केनिकासी कर .जि. | ५ |
| ४५ | धितो पत्र कारोवार | १५०० |
| ४६ | कस्मेटी पसल | १५०० |
| ४७ | व्युटी पार्लर | १५०० |
| ४८ | केवल/ नेटवर्क | ३५०० |
| ४९ | गैर सरकरी नर्सिङ / निजि/सामुदायिक/ होमियोप्याथी /ल्याव तथा किल्निक/होम तथा प्राकृतिक चिकिस्ता किलिनिकअस्पताल/ | २००० |
| ५० | होटललज/ तथा रेष्टुरेण्ट क वर्ग | ५००० |
| ५१ | होटललज तथा रेष्टुरेण्ट ख वर्ग/ | ३००० |
| ५२ | होटललज तथा रेष्टुरेण्ट ग वर्ग/ | १८०० |
| ५३ | होटल तथा रेष्टुरेण्ट घ वर्ग | १००० |
| ५४ | इलोक्ट्रोनिक पसल | १५०० |
| ५५ | औषधी पसल थोकआयुर्बेदिक/(जनस्वास्थ) | २५०० |
| ५६ | औषधी पसल खुद्राआयुर्बेदिक खुद्रा/ | १८०० |
| ५७ | स्टेसनरी पसल | १५०० |

| | | |
|---|---|---|
| ५८ | कुटानी पिसानी व्यवसायिक मिल | १००० |
| ५९ | कुटानी पिसानी घरायसी मिल | ५०० |
| ६० | पशुपंक्षी दाना पसल | १२०० |
| ६१ | जडी बुढी पसल | १५०० |
| ६२ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवाकानुन व्यवसायी/ | २००० |
| ६३ | दन्त चिकोत्सक रिसर्च | २००० |
| ६४ | पशु चिकोत्सक रिसर्च | २००० |
| ६५ | कबिराज सेवा | १५०० |
| ६६ | इन्जिनियर सेवा | २००० |
| ६७ | लेखा परिक्षक "क" वर्ग | १८०० |
| ६८ | लेखा परिक्षक "ख" वर्ग | १३०० |
| ६९ | लेखा परिक्षक "ग" वर्ग | ८०० |
| ७० | लेखा परिक्षक "घ" वर्ग | ५०० |
| ७१ | विमा एजिन्ट | १००० |
| ७२ | अन्य सेवाहरु | १५०० |
| ७३ | अनुवादक | ५०० |
| ७४ | नोटरि पब्लिक सेवा | २००० |
| ७५ | अनुसन्धान कर्ता तथा परामर्श दाता भाषा अनुवादक समेत | २००० |
| ७६ | कम्प्युटर एनालुष्ट तथा प्रोग्रामर | १००० |
| ७७ | शेयर दलाल | १००० |
| ७८ | सामान ढुवानि कर्ता कम्पनि | २००० |
| ७९ | पशु पंक्षी जन्य फार्महरु | ५०० |
| ८० | संस्थागत पेन्टर | २००० |
| ८१ | फ्रेसहाउस | १००० |
| ८२ | विविध ( माथि समावेश नभएका हरु सवै ) | १५०० |

नोटःमाथि उल्लेखित -शुल्कहरु नविकरण शुल्क कायम गरिएको र नयाँ दर्ता शुल्क रु .२०००। -लाग्नेछ ।

अनुसूची – ५

ऐनको दफा ६ सँग सम्बन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.स. | विवरण | शुल्क |
|---|---|---|
| १ | उन | रु. ५००।- |
| २ | खोटो | रु-/२. प्रति के.जि. |
| ३ | जडिवुटी | राजश्व दरको १३% |
| ४ | वनकपास | राजश्व दरको १३% |
| ५ | कवाडीमाल धातु जन्य प्रति वोरा | रु. २०।- |
| ६ | कवाडीमाल शिशा जन्य प्रति वोरा | रु. २।- |
| ७ | मृत वा मारिएको जन्तुको हाड, सिङ्ग ,प्वाख, छाला आदिको (प्रतिवन्धित वाहेक( | रु. २०००।- |

अनुसुची -६

ऐनको दफा ७ सँग सम्बन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

सवारी साधन कर

| क्र.स. | विवरण | शुल्क ०७६/०७७ |
|---|---|---|
| १ | मोटर साइकल | रु.२००।- |
| २ | जिप, भ्यान | रु.५००।- |
| ३ | बस | रु१.५००।- |
| ४ | निजि गाडी | रु.५००।- |
| ५ | पर्यटक गाडी | रु-५००।. |
| ६ | ट्र्याकटर | रु१.५००।- |
| ७ | ट्रक, ट्रिपर | रु-२०००।. |
| ८ | भ्याकुलोडर | रु ६०००।- |
| ९ | स्काई भेटर मिनि | रु .६००० ।- |
| १० | स्काई भेटर हेभी | रु.१००००।- |

अनुसूची -७

ऐनको दफा ८ सँग सम्बन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

विज्ञापन कर

| क्र.स. | विवरण | परिमाण (दस्तुर) |
|---|---|---|
| १ | ५० वर्ग फिसम्म . | प्रति फिटको रु-३। . |
| २ | ५१ वर्ग फिभन्दा माथि . | प्रति फिटको रु .५।- |

अनुसूची -८

ऐनको दफा ९ सँग सम्बन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

मनोरञ्जन कर

(मेलापर्वमा- स्थापित मनोरञ्जन पसल पिङ, रोटे पिङ लगायत मनोरञ्जनात्मक क्रियाकलाप समेत)

कारोबार रकमको १० %

नोट : ५ दिन भन्दा बढी कुनै पानि मेला पर्व वापत कार्यक्रम संचालन गर्ने नपाइने ।

अनुसूची-९

दफा १० सँग सम्बन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

प्रस्तावित बहाल बिटौरी शुल्क

गाउँपालिका मातहतका सार्वजनिक भवन तथा स्थलहरुमा सेवा लिए वापत शुल्क

| सि.नं. | विबरण | दर |
|---|---|---|
| १ | भवनमा भए | रुप्रति दिन-/५०० . |
| २ | खालि जग्गामा भए | प्रति ५० वर्ग मिटर रु ५०-/ |

अनुसूची-१०

दफा ११ सँग सम्बन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

प्रस्तावित पार्किङ्ग शुल्क

गाउँपालिकाले तोकेको स्थानमा पार्किङ्ग गरे वापत लागने शुल्क

| सि.नं. | विबरण | दर |
|---|---|---|
| १ | मोटर साईकल | रुप्रति दिन-/१० . |
| २ | कार,जीप, भ्यान | रुप्रति दिन-/२० . |
| ३ | बस, ट्रक, टयाक्टर | रुप्रति दिन-/५० . |
| ४ | डोजर, स्काभेटर | रुप्रति -/१०० . दिन |

अनुसूची-११

दफा १२ सँग सम्बन्धीत

प्रस्तावित Rafting शुल्क

मंगला गाउँपालिका क्षेत्र भित्रका नदिमा Rafting गरेवापत प्रति वोट रु-/१००० .

अनुसूची-१२

दफा १३ सँग सम्बन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

सेवा शुल्क, दस्तुर

| सि.नं. | विबरण | दस्तुर |
|---|---|---|
| १ | सम्पती मुल्यांकन प्रति हजार रुपैयाको | ०.१% |
| २ | आयस्रोत प्रमाणित प्रति हजार रुपैयाको | ०.१% |
| ३ | १ करोड सम्मको सम्पति मुल्यांन गर्दा | १०००० |
| ४ | १ करोड २करोड सम्मको सम्पति मुल्यांकन गर्दा | १२५०० |
| ५ | २ करोड ३ करोडसम्मको सम्पति मुल्यांकन गर्दा | १५०० |
| ६ | ३ करोड ४करोड सम्मको सम्पति मुल्यांकन गर्दा | १७५०० |
| ७ | ४ करोड ५करोड सम्मको सम्पति मुल्यांकन गर्दा | २०००० |
| ८ | ५ करोड भन्दा माथिको मुल्यांकन गर्दा | २५००० |
| ९ | नाता प्रमाणित निवेदन दस्तुर सहित | २५० |
| १० | जन्म मिति प्रमाणित | २५० |
| ११ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | २५० |
| १२ | अंग्रेजि माध्यममा सिफारिस | ५०० |
| १३ | घर, पाताल प्रमाणित | २५० |
| १४ | व्यक्तिगत विवरण प्रमाणित | २५० |
| १५ | जिवित संगको नाता प्रमाणित | २५० |
| १६ | हकवला वा हकदार प्रमाणित | २५० |
| १७ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक | २५० |
| १८ | हकवला वा हकदार प्रमाणित | २५० |
| १९ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक | २५० |
| २० | मेला पर्व सञ्चालन अनुमति (बढिमा ५ दिन मात्र) | प्रति दिन रु. १०००।- |
| २१ | नक्शा पास | |
| २११. | आरसीसी ढलान ग्राउण्ड र पहिलो तला प्रति स्क्वायर फिट | ५ |
| २१२. | आरसीसी ढलान तेश्रो र चौथो तला प्रति स्क्वायर फिट | ६ |
| २१३. | आरसीसी ढलान पाँचौ तला देखि प्रति स्क्वायर फिट | ८ |
| २१४. | ढुङ्गा माटोको जडान छानावाला | १०० |
| २१५. | छाप्रा टहरा | ५०० |
| २२ | संघ संस्था दर्ता सिफारीस | १००० |
| २३ | संघ संस्था नविरण सिफारिस | ५०० |
| २४ | घ वर्गको इजाजत पत्र दर्ता | ५००० |

| | | |
|---|---|---|
| २५ | घ वर्गको इजाजत पत्र नविकरण | २५०० |
| २६ | व्यवसाय दर्ता | २००० |
| २७ | सहकारी दर्ता शुल्क | ० |
| ३०१. | वचत तथा ऋण सहकारी | २००० |
| ३०२. | उत्पादमुलक सहकारी | १००० |
| ३०३. | महिला सहकारी | १००० |
| ३१ | व्यक्तिगत घटना दर्ता ३५ दिन कटेमा लाग्ने शुल्क | ५० |

अनुसूची-१३

दफा १४ सँग सम्बन्धीत

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

प्रस्तावित पर्यटन शुल्क

| सि.नं. | विबरण | दस्तुर |
|---|---|---|
| १ | मंगला गाउँपालिका भित्र प्रवेश गर्ने विदेशी पर्यटकका लागि | प्रति पटक रु-/१०० . |

अनुसूची-१४

दफा १५ सँग सम्बन्धीत

ढुङ्गा गिटी वालुवा

| सि.नं. | विबरण | दस्तुर |
|---|---|---|
| १ | मंगला गाउँपालिका ढुङ्गा गिटी वालुवा | प्रदेश कानुन र कार्यापालिको निर्णय अनुसार गरिने छ |